तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मिति २०८३ साल जेठ महिनाको ३१ गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री खुमलाल भुसाल | |

## तिलोत्तमा नगरपालिका

कार्यपालिका बैठक सङ्ख्याः १४/२०८२/८३ (१९४) मितिः २०८३/२/३१ गते ।

**बैठकका कार्यसूचीहरूः**

१. आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम सम्बन्धमा

२. मेसिन प्रयोग कार्ययोजना सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमा

३. नदीजन्य पदार्थ सम्बन्धी कार्यदलको प्रतिवेदन सम्बन्धमा

४. विद्यालय सहयोगीहरुको व्यवस्थापन सम्बन्धमा

५. विविध आर्थिक सहयोग सम्बन्धमा

६. निर्णय अनुमोदन सम्बन्धमा

७. विविध

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी अन्तिम स्वीकृतिको लागि मिति २०८३।३।३ गते बस्ने नगरसभाको २१ औं अधिवेशनको पहिलो बैठकमा पेस गर्ने ।

**निर्णय नं. २**

यस नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को लागि देहायका नदीघाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् एवं घाटगद्दी गरी विक्री गर्ने कार्यको ठेक्कामा नदीजन्य पदार्थ उत्खनन् गर्न र घाटगद्दीस्थलसम्म ढुवानी गर्नका लागि भारीयन्त्र प्रयोग गर्ने सम्बन्धमा संघीय सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा (४) र तिलोत्तमा नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन ऐन, २०८२, को दफा ३ (च) अनुसार मिति २०८३/०२/०८ गते नगर प्रमुखस्तरीय निर्णयबाट स्वीकृत देहाय बमोजिमको भारीयन्त्र प्रयोग कार्ययोजना अनुमोदन गर्ने।

**तपसिल**

| सि.नं. | उत्खनन् गरिने नदीघाट नाम | उत्खनन् गर्नुपर्ने परमाण (घ.फि.) | प्रयोग हुने उत्खनन् यन्त्र (एक्साभेटर संख्या) | ढुवानी गर्ने साधन (हाईवा/टिपर संख्या) | उत्खनन् अवधि (न्युनतम) | उत्खनन् अवधि (न्युनतम शुन्यान्तर गर्दा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सुखौरा खोलाको विभिन्न पाँचवटा घाटक्षेत्र तिलोत्तमा-११ | ६९८५०० | छ (६) | छत्तिस (३६) | ८.५८८३ | ९ दिन | दिनको १२ घण्टा, ३२ घ.मि. प्रति घण्टाको दरले |

**नोटः**

घाटगद्दीमा व्यवस्थित र चट्टा मिलाई राख्न दुईवटा सम्म लोडर प्रयोग गर्न सकिने ।

| सि.नं. | उत्खनन् गरिने नदीघाट नाम | उत्खनन् गर्नुपर्ने परमाण (घ.फि.) | प्रयोग हुने उत्खनन् यन्त्र (एक्साभेटर संख्या) | ढुवानी गर्ने साधन (हाईवा/टिपर संख्या) | उत्खनन् अवधि (न्युनतम) | उत्खनन् अवधि (न्युनतम शुन्यान्तर गर्दा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तिनाउ नदीको सुस्पुरा घाटक्षेत्र तिलोत्तमा-१३ | ६०३००० | तीन (३) | अठार (१८) | १४.८२८२ | १५ दिन | दिनको १२ घण्टा, ३२ घ.मि. प्रति घण्टाको दरले |

**नोटः**

घाटगद्दीमा व्यवस्थित र चट्टा मिलाई राख्न दुईवटा सम्म लोडर प्रयोग गर्न सकिने ।

राधाकृष्ण खाण
नगर प्रमुख

**निर्णय नं. ३**

तिलोत्तमा नगर कार्यपालिकाको मिति २०८३/२/१७ गतेको बैठकबाट गठन भएको कार्यदलबाट प्राथमिकता प्राप्त आयोजनाको लागि तिनाउ नदीको गोरकट्टा घाटक्षेत्र (बुटवल-१८ र तिलोत्तमा-६ को संयुक्त क्षेत्र) मा उत्खनन् गर्न अनुमति दिईएकोमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिमका कोअर्डिनेटहरुको स्थलगत भेरिफिकेशन समेतको आधारमा साबिकमा सिमाङ्कन गर्दा उत्तरी बिन्दुतर्फ केही भागमा सिमाङ्कन गर्न छुटेको देखिएको, छुटेको क्षेत्र समेत समावेस हुने गरी पुनः सिमाङ्कन गरेमा नपुग परिमाण पुरा हुन सक्ने भनी सिफारिस भई आएको कार्यदलको प्रतिवेदन स्वीकृत गर्ने र उक्त प्रतिवेदन बमोजिम मिति २०८३/०२/०८ गते पुनः सिमाङ्कन गर्ने सम्बन्धमा नगर प्रमुखस्तरबाट भएको निर्णय समेत अनुमोदन गर्ने ।

**निर्णय नं. ४**

तिलोत्तमा नगरपालिकाको सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०८२ बमोजिम विद्यालय समायोजन गर्दा १ जना भन्दा बढी विद्यालय सहयोगीहरू एकै विद्यालयमा कार्यरत रहने अवस्था सिर्जना भएको र देहायमा उल्लिखित विद्यालयमा विद्यालय सहयोगीको पद रिक्त समेत रहेको हुँदा सोही कार्यविधिको दफा ६ बमोजिम देहाय अनुसार हुने गरी विद्यालय सहयोगीको व्यवस्थापन गर्ने ।

<u>देहायः</u>

| क्र.सं. | हाल कार्यरत रहेको विद्यालय | रिक्त रहेको कारण विद्यालय सहयोगीलाई व्यवस्थापन गर्नु पर्ने विद्यालय | सरुवा पदस्थापन गर्नु पर्ने विद्यालय सहयोगी | कैफियत |
|---|---|---|---|---|
| १. | सेमरावजार माध्यमिक विद्यालय, तिलोत्तमा-७ | गीर्वाण सरस्वती तथा साधारण संस्कृत मा.वि., तिलोत्तमा-११ | रुपा पौडेल | |
| २. | जनता माध्यमिक विद्यालय तिलोत्तमा-१३ | सरस्वती आधारभूत विद्यालय तिलोत्तमा-१४ | बधुनी थारु | |
| ३. | भुल्के माध्यमिक विद्यालय तिलोत्तमा-११ | गणेश आधारभूत विद्यालय तिलोत्तमा-११ | कमला पराजुली | |

**निर्णय नं. ५**

तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत टेक्टर चालक श्री श्याम रानालाई औषधी उपचार खर्चको बिल बमोजिमको एक लाख बिस हजार दुई सय पाँच रूपैयाँ मात्र आर्थिक सहायता उपलब्ध गराउने ।

नगर प्रमुख

निर्णय नं. ६

तिलोत्तमा नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहररू मध्ये कार्यसम्पादनस्तर सन्तोषजनक भएका कर्मचारीहरूको सम्बन्धित पदमा स्थायी पदपूर्ति भए पश्चात करार सम्झौताको म्याद स्वतः समाप्त हुने गरी साबिककै सेवा सुविधा प्राप्त गर्ने सर्तमा २०८३ असार मसान्तसम्मको लागि करार सम्झौताको म्याद थप गर्ने सम्बन्धमा नगर प्रमुखस्तरबाट मिति २०८२।९।२५ मा भएको निर्णय निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ७

विद्यालय सञ्चालन तथा कक्षा थपको लागि नियमानुसार अनुमति माग गरेका तपसिल बमोजिमका विद्यालयहरूलाई तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावली, २०७४ को नियम ५ र १९ मा भएको व्यवस्था अनुसार विद्यालय सञ्चालन तथा कक्षा थप गर्न अनुमति प्रदान गर्ने ।

तपसिलः

| क्र.सं. | विद्यालयको नाम, ठेगाना | विद्यालयको किसिम | अनुमति दिइएको थप कक्षा | कैफियत |
|---|---|---|---|---|
| १. | गोल्डेन एरा मन्टेश्वरी स्कुल, तिलोत्तमा-१३, रुपन्देही । | संस्थागत | कक्षा ३ | नियम १९ कक्षा थप |
| २. | गुफा एकेडेमी, तिलोत्तमा-२, रुपन्देही । | संस्थागत | कक्षा १ | नियम ५ विद्यालय खोल्ने अनुमति |

निर्णय नं. ८

तिलोत्तमा नगरपालिकाको राजस्व परामर्श समितिका संयोजक एवम् उप प्रमुख श्री जगेश्वर देवी चौधरीले आर्थिक वर्ष २०८३।८४ का लागि करको दर र दायरा निर्धारण तथा कर प्रशासन सुधार सम्बन्धमा मिति २०८३।२।११ मा पेस गरेको राजस्व परामर्श समितिको प्रतिवेदन स्वीकृत गर्ने र प्रतिवेदनमा समेटिएका विषयहरू क्रमशः कार्यान्वयन गर्दै जाने ।

नगर प्रमुख